# धुलिखेल नगरपालिकाको नगरसभामाको सत्रौं अधिवेशनको पहिलो बैठकमा
## नगर प्रमुख
## श्री अशोक कुमार व्याञ्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम
मिति २०८२ असार ५ गते

धुलिखेल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धुलिखेल, काभ्रेपलाञ्चोक
२०८२

सभाध्यक्ष महोदय,

1. यस नगर सभाका आदरणीय सभासद्ज्यूहरु, आमन्त्रित विशिष्ट अतिथि तथा अतिथि गण, कर्मचारी तथा सञ्चारकर्मी मित्रहरु एवम् यस कार्यक्रममा उपस्थित सम्पूर्ण महानुभावहरुमा धुलिखेल नगरपालिकाको सत्रौं नगर सभाको पहिलो वैठकमा यस नगरपालिकाको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

2. सङ्घीय लोकतन्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्मान, मानव अधिकारको संरक्षण र सुशासन कायम गर्नका लागि देशले लिएको समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षालाई आत्मसात गर्दै धुलिखेल नगरपालिकाले लिएको **समृद्ध धुलिखेलको दीर्घकालीन सोच** पूरा गर्नेतर्फ प्रतिबद्ध रही यस नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु। यस महत्त्वपूर्ण घडिमा नेपालको राष्ट्रियता, अखण्डता, स्वाधीनता र लोकतन्त्र प्राप्तिको अभियानमा नेतृत्व प्रदान गर्ने हाम्रा वीर पुर्खा, अमर सहिद तथा अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दै सामाजिक आर्थिक रूपान्तरणमा उहाँहरूले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु।
3. यस सभामा नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्नका लागि उपस्थित हुन पाउँदा गौरवान्वित महसुस गरेको छु। जनतासँग प्रत्यक्ष र नजिकबाट सरोकार राख्ने स्थानीय सरकारको महत्त्व, भावना र सार्थकता जनजनमा पुऱ्याउने अवसरको रुपमा यो सुखद् समयलाई पुनः स्मरण गर्न चाहन्छु।

4. धुलिखेल नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हाम्रो भूगोल, सामाजिक पृष्ठभूमि, विकासप्रतिको धारणा र संस्कृति, कानुनी व्यवस्था आदिका कारण जनअपेक्षा र हाम्रो आफ्नै चाहना समेत नीति तथा कार्यक्रममा सम्पूर्ण रुपमा समावेश गराउने प्रयत्न पूर्ण नहुन सक्छ। यद्यपि, हाम्रो संरचनागत, कानुनी र आर्थिक अवस्थाका आधारमा धुलिखेल नगरपालिकाका वडा समितिहरु, विषयगत समितिहिरु,

बजेट तथा योजना तर्जुमा समितिको परामर्श समेतको आधारमा नगरपालिकाको नीति तथा कार्यक्रम यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु।

5. देशको राजधानी काठमाडौंसँग नजिक रही पर्यटन, व्यापार र कृषिको प्रचुर सम्भावना बोकेको यो सुन्दर पहाडी नगरीको स्रोत र साधनको सु-व्यवस्थित उपयोगले समाजमा समृद्धि र जीवनमा सकारात्मक परिवर्तन ल्याउने गरी नीति तथा कार्यक्रम तय गर्न नगरसभा सफल हुने विश्वास लिएको छु।
6. यस नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा नेपाल सरकारले विश्व सामु सन् २०३० सम्ममा पूरा गर्ने गरी प्रतिबद्धता जाहेर गरेका १७ ओटा दिगो विकासका लक्ष्यसँग सामञ्जस्य हुने गरी कार्यक्रमहरुको तर्जुमा गरिएको नगरसभा समक्ष अवगत गराउन चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

अब म यस नगरपालिकाले आव ०८२।०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु ।

7. नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु, संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, प्रदेश सरकारले लिएका आर्थिक एवं वित्तीय नीतिहरु, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले गरेको नीतिगत व्यवस्था, स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४ ले निर्दिष्ट गरेको वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवम् एकल तथा साझा अधिकार सूचि, स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका विभिन्न प्रतिबद्धताहरु यस नीति तथा कार्यक्रमका आधारहरु हुन् । त्यसैगरी नगरको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना २०७८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य ऐन, नियमावलीका प्रावधानहरु, स्थानीय तहका क्षेत्रगत नीति, सोह्रौं पञ्चवर्षीय योजना, नगरपालिको एकीकृत नगर विकास योजना, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु, विकासका समसामायिक मुद्धाहरु, दिगो विकासका

लक्ष्यहरु, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तीकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, उर्जा सङ्कटको व्यवस्थापन लगायतका दस्तावेजहरुलाई मध्यनजर गरिएको छ । यसका अतिरिक्त निर्वाचनको क्रममा हामीले जारी गरेका निर्वाचन घोषणापत्र तथा प्रतिवद्धताहरू, विगतका नीति, कार्यक्रम तथा योजनाहरु, विभिन्न राजनीतिक दलहरु, संघ संस्था प्रतिनिधिहरु, नगरवासी सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरू एवम् सञ्चार माध्यम, वौद्धिक वर्ग लगायतका निजी क्षेत्रको सुझाव तथा समय समयमा गरिएका सार्वजनिक वचनवद्धताहरुलाई नीति निर्माणको आधारको रुपमा लिएको छु।

अब म नगरपालिकाले लिएको मुख्य विषयगत क्षेत्रगतका नीतिहरु बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## सामाजिक विकास तर्फ

स्वास्थ्य

पहुँचयोग्य र गुणस्तरीय स्वास्थ्य सेवालाई सुनिश्चित गर्दै विश्व स्वास्थ्य संगठनद्वारा मान्यता प्राप्त स्वस्थ शहर धुलिखेलको स्वास्थ्य कार्यक्रमलाई अझ प्रभावकारी बनाउन यस आवमा देहायका नीतिहरु लिइने छ ।

1. विश्व स्वास्थ्य संगठनद्वारा प्राप्त "स्वास्थ्य शहर धुलिखेल नगर अबार्ड २०२४" लाई दिगो र निरन्तरताको लागि संघ तथा प्रदेश सरकार, अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय साझेदार संस्थाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ।
2. स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गर्न GIZ सँगको सहकार्यमा संस्थाको स्वास्थकर्मी तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरिने छ ।
3. धुलिखेल अस्पताल तथा रोटरी क्लबको सहकार्यमा काभ्रेभञ्याङमा रक्त सञ्चार केन्द्र स्थापना र सञ्चालन गरिने छ ।
4. विश्व स्वास्थ्य संगठन द्वारा स्वस्थ्य शहर घोषणा सँगै प्राप्त पुरस्कार रकमबाट धुलिखेल अस्पतालसँगको समन्वयमा स्वस्थ शहर तथ्याङ्क अद्यावधिक गरिने छ ।

5. बागमती प्रदेश सरकारको नीति अनुरुप बागमती प्रदेशका १३ जिल्लाका एक एक स्थानीय तहलाई स्वस्थ शहर अभियानमा प्राविधिक सहयोग गरिने छ ।
6. निःशुल्क आधारभूत स्वास्थ्य सेवामा आम नगरवासीको सुलभ र सरल पहुँचको लागि अत्यावश्यकीय औषधी तथा उपकरणको सहज आपूर्तिको व्यवस्था मिलाइनेछ।
7. काभ्रे भञ्ज्याङ्गमा रहेको नगर अस्पताललाई धुलिखेल किड्नी सेन्टरका रूपमा विकास गरिने छ।
8. मानसिक स्वास्थ्य सेवा विस्तार प्रभावकारी बनाउन काठमाडौ विश्व विद्यालयको मानसिक विभागसँग सहकार्य गरिने छ ।
9. नेपाल सरकारले लागू गरेको स्वास्थ्य बीमा कार्यक्रम सबै वडाका प्रत्येक घर परिवारको पहुँचमा पु्याउन वडा कार्यालयको सहयोग र समन्वयमा वीमामा आवद्ध हुन बाँकी रहेका नागरिकलाई बीमामा आबद्ध गराइनेछ।
10. स्वास्थ्य सेवाको पहुँच र विशेषज्ञ स्वास्थ्य सेवाबाट वञ्चित रहेका नागरिकहरुलाई विभिन्न सहयोगी संस्थाहरुसँगको सहकार्यमा विशेषज्ञ घुम्ति शिविरहरु सञ्चालन गरी स्वास्थ्य सेवाको पहुँच विस्तार गरिनेछ ।
11. युवा तथा किशोर किशोरीहरुको लागि मानसिक स्वास्थ्य तथा लागु औषधी दुर्व्यसन विरुद्धको कार्यक्रम र महिनावारी तथा प्रजनन् स्वास्थ्यमा विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
12. नगरपालिका भित्रका गर्भवती महिलाहरुबाट धुलिखेल अस्पताल र Birthing Centre मा बच्चा जन्माएमा मातृ पोषण र नवजात शिशुलाई न्यानो कपडा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइने छ।
13. स्वास्थ्य सेवा तर्फ स्वीकृत दरबन्दीमा रिक्त रहेका पदहरुमा नियमानुसार परिपूर्ति गरी स्वास्थ्य सेवालाई सरल र प्रभावकारी बनाइनेछ ।
14. सहयोगी तथा दातृ निकायको सहयोगमा मानसिक रोग तथा मनोसामाजिक परामर्श कार्यक्रमलाई निरन्तरता दिइनेछ।
15. महिला समुदायिक स्वास्थ्य स्वंयसेविकाहरुको सेवालाई प्रभावकारी बनाउन प्रोत्साहन स्वरुप प्रदान गर्रिंदै आएको यातायात खर्च रकमलाई निरन्तरता दिइनेछ।

16. नगरपालिकाबाट सञ्चालित स्वस्थ्य शहर धुलिखेल नगर रेडियो कार्यक्रमलाई आगामी आ.व. मा पनि निरन्तरता दिइनेछ।
17. खोपको अवस्थाको समीक्षा गरी हरेक वर्ष पूर्णखोप सुनिश्चित नगरपालिका घोषणा गरिनेछ।
18. गुणस्तरीय खोप कार्यलाई व्यवस्थित बनाउन कोल्ड चेन व्यवस्थापनको लागि चाहिने सामाग्री तथा स्थानको व्यवस्थापन गरिनेछ।
19. नेपाल सरकारको नीति अनुरुप गर्भवती तथा सुत्केरी महिलाले स्वास्थ्य संस्थामा गर्भ जाँच गराइ वच्चा जन्मिएको ३५ दिनभित्र जन्म दर्ता गराएमा वडाको समन्वयमा पोषण प्याकेज वितरण गरिनेछ।
20. बालबालिका तथा आम नागरिकको पोषण शिक्षा तथा पोषण प्रवर्द्धन कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।
21. पाँच वर्ष मुनिका वच्चाहरुको उपचार व्यवस्था कार्यक्रमलाई प्रभावकारी बनाउन एकिकृत बाल रोग व्यवस्थापन कार्यक्रम प्रभावकारी बनाइनेछ।
22. जटिल अवस्थाका गर्भवती, सुत्केरी तथा जेष्ठ नागरिकलाई निःशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता प्रदान गरिने छ।
23. स्वास्थ्य आमा समूह तथा समुदाय स्तरका स्वयंसेवकलाई सुदृढीकरण गरी प्रभावकारी बनाइने छ।
24. महामारी तथा विपद् रोकथाम तथा व्यवस्थापन गर्न महामारीको पूर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकार्य योजना बनाइ लागू गरिने छ।
25. क्षयरोगमुक्त नगर अभियानलाई प्रभावकारी बनाइ नयाँ रोगी पत्ता लगाउनको लागि समुदायको सहभागितामा जोखिम स्थानहरु पहिचान गरी परीक्षण शिविर सञ्चालन गरिनेछ।
26. स्वास्थ्य संस्थाहरुको कार्यमा प्रभावकारिता ल्याउन नियमित अनुगमन तथा सुपरीवेक्षण, मासिक प्रतिवेदन तथा समिक्षा बैठकलाई निरन्तरता दिँदै प्रभावकारी बनाइने छ।
27. स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धिको लागि तालिम तथा क्षमता विकासका कृयाकलाप सञ्चालन गरिने छ ।

28. स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य शिक्षा कर्नरको व्यवस्था तथा किशोर किशोरीहरुसँग स्वास्थ्यकर्मीहरुको अन्तरक्रिया नियमित गरिनेछ। स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरीमैत्री बनाइने छ ।
29. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका स्वास्थ्य सम्बन्धी दिवसहरुलाई समुदाय, स्वास्थ्यकर्मी, जनप्रतिनिधि तथा सहयोगी संस्थाहरुको सहयोगमा मनाइने छ।
30. दीर्घ रोगीहरु र विशेष अवस्थाका विरामीलाई घर दैलो सेवा मार्फत् विशेष सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ ।
31. गुणस्तरीय स्वास्थ्य संस्था व्यवस्थापन गर्न विद्युतीय रेकर्डिङ तथा रिपोर्टिङ प्रणाली सञ्चालन कार्यक्रम लागू गरिने छ । यसको लागि स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवालाई डिजिटलाइज्ड गरी आधुनिक तरिकाबाट व्यवस्थापन गरिने छ ।
32. माध्यामिक विद्यालय तथा कलेजस्तरमा प्रजनन स्वास्थ्यका विषयहरुको विषय विज्ञद्वारा कक्षा सञ्चालन गरिनेछ।

**आयुर्वेदः**

33. स्वस्थ्य शहर धुलिखेलको अभियान मजवुद बनाउन आरोग्य शहर निर्माणका लागि पतञ्जली योग पीठसँगको सहकार्यमा योग मेडिटेशनको कार्यक्रम सञ्चालन गरिनेछ ।आयुर्वेदिक औषधिको व्यवस्थापन गरिनेछ ।
34. नसर्ने रोगहरुको प्रकोप नियन्त्रण रोक्न कार्यालय तथा विद्यालय स्तरमा योग सेवा विस्तार गरिने छ ।
35. आयुर्वेद सेवाको पहुँचबाट टाढा रहेका नागरिकहरुलाई आयुर्वेद पद्धतिको अभिमुखीकरण गरी रोगको निदान गरिनेछ र जनविश्वास बढिरहेको आयुर्वेद क्षेत्रलाई प्रत्येक वडा स्तरमा विस्तार गरिनेछ ।
36. अत्यावश्यकीय औषधि तथा उपकरण अभाव हुन नदिन सहज आपुर्तिको व्यवस्था मिलाइने छ ।
37. आयुर्वेद र जडिबुटी सम्बन्धी जीवन उपयोगी स्वास्थ्य शिक्षा, तालिम कार्यक्रम सञ्चालन गरिने छ ।
38. मातृशिशु मृत्युदर घटाउने, आमा र बच्चाको स्वास्थ्य सुधार गर्ने तथा कुपोषण रोगबाट बचाउन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

39. जेष्ठ नागरिकहरुको स्वास्थ्य प्रवर्धन तथा दीर्घकालिन रोगहरुको न्युनीकरण गरिने छ ।
40. **पञ्कर्म** सेवा अन्तर्गतका सम्पूर्ण सेवाहरुको विस्तार गरिने छ।
41. गुणस्तरीय सेवा प्रदान गर्न जनशक्तिको अभाव हुन नदिन थप जनशक्तिको व्यवस्था गरिनेछ ।
42. जडिबुटीहरुको पहिचान, प्रवर्धन तथा बजारीकरणमा जोड दिइने छ ।
43. आयुर्वेद औषधालयको भौतिक पूर्वाधार तथा सेवा सुदृढीकरण गरिनेछ ।

## शिक्षा, युवा तथा खेलकुद

44. सिमान्तकृत र विपन्न बालबालिकाहरुको पहिचान गरिनेछ र निःशुल्क शिक्षामा सहज पहुँच मिलाइनेछ ।
45. ल्याउ, टिकाउ र सिकाउको नीति अनुरुप विद्यालय उमेर समूहका सबै बालबालिका अनिवार्य रुपमा विद्यालयमा भर्ना गराइ आधारभूत तहका बालबालिकाहरुको विद्यालय छाड्ने दर घटाउने र पाठ्यक्रमले निर्धारण गरे अनुसारको सिकाइ उपलब्धि वृद्धि गर्दै लगिनेछ।
46. बाल विकास केन्द्रलाई नमुना मापदण्डको मानक अनुसार क्रमशः नमूना बाल विकास केन्द्रको रुपमा विकास गरिनेछ ।
47. **एक वडा एक डिजिटल विद्यालयको** विकास गरिनेछ ।विभिन्न दातृ निकाय र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा विज्ञान गणित लगायत विषयगत ल्याब र डिजिटल शैक्षिक सामग्रीको विकास गरिनेछ । डिजिटल स्कुल निर्माणका लागि जनशक्तिको सक्षमता विकासका साथसाथै डिजिटल शैक्षिक सामग्रीको उपयोगितामा विशेष पहल गरिनेछ । संघ र प्रदेश सरकारसँग र साझेदार संस्थाहरुको समन्वय तथा सहकार्यमा सबै सामुदायिक विद्यालयलाई डिजिटल विद्यालयको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
48. विज्ञान तथा प्रविधि विषयको सवलीकरण गरी विद्यार्थीलाई खोज, अनुसन्धान र अन्वेषण एवम् आविष्कार गर्ने सिप विकास गर्न काठमाडौं विश्व विद्यालय लगायत शिक्षा क्षेत्रमा अनुसन्धानमुलक कार्य गर्ने साझेदार संघ संस्था सँग सहकार्य गरी

शिक्षकको पेशागत विकास एवम् विश्वविद्यालयमा विज्ञान प्रविधिमा अध्ययनरत विद्यार्थीको अनुभव विद्यालयका विद्यार्थीसँग आदान प्रदान गरिनेछ ।

49. विज्ञान प्रविधि र इञ्जिनियरिङ विधामा अध्ययनरत विद्यार्थीका लागि थप सिप विकास गरी विद्यार्थीलाई खोजमुलक कार्यमा रमाउने बनाउन विज्ञान प्रविधिको क्षेत्रमा काम गर्ने संघ संस्थासँग सहकार्य गरिनेछ ।

50. योग्यता र क्षमताको आधारमा समग्र शैक्षिक सुधारमा योगदान गर्न सक्ने योग्य शिक्षकहरुलाई विद्यालयको प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था मिलाइएको छ र यसलाई निरन्तरता दिइनेछ।प्रअको आवधिक मूल्याङ्कन गरी नतिजाको आधारमा थप पृष्ठपोषण प्रदान गरिनेछ ।

51. **सिकाइ उपलब्धिको मुख्य आधार शिक्षकको योजनाबद्ध सिकाइ सहजीकरण** अनुरुप एक दिन, एक शिक्षक, एक शैक्षिक सामग्रीका साथ योजनासहित शिक्षण भन्ने नीति लागू गरिनेछ । शैक्षिक सत्र २०८२ को मौजुदा सिकाइ उपलब्धिमा कम्तिमा ३% वृद्धि गर्ने नीति लिइनेछ ।

52. विद्यालयको समग्र शैक्षिक गुणस्तर सुधारको लागि नगर शिक्षा समिति र विषय विज्ञ सहितको टोलीबाट नियमित अनुगमन गरिने प्रणालीलाई निरन्तरता दिइनेछ ।साथै विद्यालयको समग्र शैक्षिक गुणस्तर सुधारको लागि शिक्षा क्षेत्रका विज्ञ, शिक्षक, वुद्धिजीवी, राजनीतिक क्षेत्रका प्रतिनिधि, विद्यार्थी, कर्मचारी सहितको बृहत शैक्षिक मेला तथा प्रदर्शनी आयोजाना गरिने छ ।

53. परियोजना कार्य र प्रयोगात्मक मूल्याङ्कनका लागि **एक विद्यालय एक सार्वजनिक स्थल** संरक्षण,प्रवर्धन तथा सरसफाइ र प्रचार प्रसारको नीति लिइनेछ । सार्वजनिक मठ मन्दिर, गुम्बा, मस्जिद, पार्क, बगैंचा, फलैंचा, वन वातावरणको संरक्षणका लागि विद्यालय र समुदाय सहकार्य गरिनेछ र शिक्षक र विद्यार्थी परिचालन गरिनेछ ।

54. अन्य जिल्ला/स्थानीय तहका राम्रा नमूना विद्यालयसँग धुलिखेलका विद्यालयको भगिनी सम्बन्ध कायम गरी शिक्षक विद्यार्थीको अनुभव,ज्ञान, सिप आदान प्रदान गरिनेछ ।

55. विद्यार्थी सङ्ख्या र भूगोलसमेतका आधारमा विद्यालयको समायोजन र दरबन्दी मिलानको कार्यलाई निरन्तरता दिइनेछ ।

56. शैक्षिक गुणस्तर सुधार गर्न नगर अनुदान कोटाबाट माध्यमिक र आधारभूत तहको विज्ञान, गणित र अङ्ग्रेजी विषयको विषय शिक्षकको व्यवस्थालाई निरन्तरता दिइनेछ । यसका अतिरिक्त शिक्षक बैंकको रुपमा गणित, विज्ञान र भाषा विषयका स्वयम् सेवक प्रशिक्षार्थी सहजकर्ताको व्यवस्था मिलाइनेछ ।

57. वैज्ञानिक एवम् बालमैत्री सिकाई क्रियाकलाप प्रवर्द्धन गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुनिश्चित गर्न लागू भएका वहुकक्षा वहुस्तर (MGML) शिक्षण पद्धतिको कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथीबाट साथीले सिक्ने र आफ्नै रुचि र क्षमता अनुसार व्यक्तिगत सिकाइ हुने वातावरण मिलाइनेछ ।

58. बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरुलाई न्यूनतम पारिश्रमिक उपलव्ध गराउन आवश्यक थप वजेटको सुनिश्चितता गरिनेछ ।साथै क्रमशः बालविकास केन्द्रलाई नमूनाको रुपमा विकास गर्ने नीति लिइनेछ यसै आवमा केही बालविकास कक्षालाई नमुना बालविकास कक्षाको रुपमा विकास गरिने छ । बालबालिका संख्याको आधारमा बालविकास केन्द्रमा कार्यरत सहजकर्ताको दरबन्दी मिलान गरिनेछ ।

59. साक्षर तथा नव साक्षरलाई निरन्तर शिक्षा कक्षाको सञ्चालनका लागि सिकाई केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ र काभ्रेपलाञ्चोक जिल्लाको कारागारमा रहेका कैदी बन्दीका लागि सञ्चालित साक्षरता तथा साक्षरोत्तर कक्षा सञ्चालनलाई निरन्तरता दिइनेछ ।

60. बहु प्रतिभा पहिचान तथा विद्यार्थीको चौतर्फी विकास गर्न एक विधा एक घुम्ती शिक्षकको व्यवस्था मिलाइनेछ ।सङ्गीत विधाको घुम्ति शिक्षकलाई निरन्तरता दिइनेछ ।

61. नगरपालिका तथा विद्यालय विचको सम्बन्धलाई सुदृढ गर्न जनप्रतिनिधि र विद्यार्थी, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा अभिभावकसँग गरिने अन्तरक्रियात्मक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

62. धुलिखेलका कलेजमा स्नातक तह अध्ययन गर्ने विद्यार्थीलाई दिइने छात्रवृत्ति निरन्तरता दिइनेछ र यसको प्रभावकारी कार्यान्वयनको लागि विद्यार्थी, कलेज र नगरपालिकाको लागत साझेदारी गराइनेछ।

63. शैक्षिक गुणस्तर सुधारका लागि स्वच्छ प्रतिस्पर्धाको वातावरण कायम गर्न नमूना विद्यालय विकासको नीतिलाई निरन्तरता दिइएको छ । यसको लागि विद्यालयको कार्यसम्पादनस्तर राम्रो भएका विद्यालयलाई विशेष अनुदान उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

64. शैक्षिक क्रियाकलापमा रहेको आधुनिक प्रविधिगत खाडल (Digital Gap न्यूनीकरण गर्न आधारभूत तालिम लिएका शिक्षकका लागि उन्नत/उच्च तहको ICT Based तालिम प्रशिक्षणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

65. विभिन्न दातृ निकाय र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा विषयगत ल्याव र डिजिटल शैक्षिक सामग्रीको विकास सहित कम्तिमा **एक वडा एक डिजिटल** विद्यालयको विकास गरिनेछ।

66. शिक्षकको पेशागत सुधारका लागि काठमाडौं विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्र, शिक्षा तालिम केन्द्र र अन्य साझेदार सहयोगी सङ्घसंस्थाको सहकार्यमा विषयगत र प्रविधिगत तालिमको व्यवस्था सहित स्वःउत्प्रेरणात्मक शैक्षिक जागरण कार्यक्रम सञ्चालन गरिनेछ ।

67. नतिजाका आधारमा शिक्षक र विद्यार्थीलाई प्रोत्साहन पुरस्कार र दण्डको व्यवस्था मिलाइ सकारात्मक प्रतिस्पर्धाको वातावरण सिर्जना गरिने छ ।

68. स्थानीय पाठ्यक्रम मार्फत् व्यवहारिक र जीवन उपयोगी शिक्षाको कार्यान्वयनमा विशेष जोड दिई स्थानीय पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न स्थानीय पाठ्यक्रम परिमार्जन गरी पाठ्यपुस्तक विकास गरिनेछ ।

69. विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड अनुसार आन्तरिक मूल्याङ्कन गर्ने पद्धति अनिवार्य रुपमा लागू गर्दै निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगलाई सुदृढीकरण गरी नगरस्तरीय परीक्षालाई थप विश्वसनीय र प्रभावकारी बनाइनेछ । आधारभूत तहको कक्षा ३ सम्म विद्यार्थीको व्यक्तिगत विवरण र सिकाइको अवस्था देखिने गरी अनिवार्य रुपमा पोर्टफोलियो राख्ने व्यवस्था मिलाइएको छ ।

70. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षक र प्रअको नेतृत्व सवलीकरण, शिक्षण सिकाई प्राक्रियामा सुधार, पेशागत नैतिकताको प्रवर्द्धन र प्रविधिको उच्चतम प्रयोग गरिनेछ ।

71. कृषि, पर्यटन लगायतका विषयगत क्षेत्रका लागि आवश्यक पर्ने प्राविधिक सीपयुक्त जनशक्ति तयार गर्न राष्ट्रिय/अन्तर्राष्ट्रिय दातृ निकाय समेतको सहयोगमा क्रमशः प्राविधिक विद्यालयको स्थापना र सञ्चालन गर्नको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
72. अध्ययन गर्ने विषय र पेशा छनोटमा टेवा पुग्ने गरी विद्यालय मार्फत् विज्ञको सहयोगमा अध्ययन र वृत्ति मार्गचित्र सम्बन्धी विद्यार्थी काउन्सेलिङ कक्षा सञ्चालन गरिनेछ ।
73. विद्यार्थीहरुलाई बहु विधासँग परिचित गराउन र व्यवसायिक जीवन तथा उद्यमशिलता विकासका लागि कम्तिमा माध्यमिक तहका विद्यालयहरुमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
74. शिक्षकको मेन्टरिङ र शैक्षिक गुणस्तर सुधारका लागि निवृत्त शिक्षक/अध्यापकको विशिष्ट सिप दक्षतालाई अनुभव हस्तान्तरणको माध्यमबाट उपयोग गरिनेछ ।
75. कक्षा ९-१२ का विद्यार्थीलाई पर्यटन व्यवसायी उद्यमीसँग व्यवसायको चुनौति र अवसर सिक्ने गरी परियोजना कार्य सञ्चालन गर्न उद्योगीसँग एक दिन तथा होटल व्यवसायी सङ्घसँगको सहकार्यमा खानाको परिकार निर्माण सम्बन्धी सिप सिक्न होटलको सेफसँग एक दिन कार्यक्रम सञ्चालन गरिनेछ ।
76. शैक्षिक सामग्री प्रदर्शनी र विद्यालय तहको शैक्षिक मेला आयोजनालाई निरन्तरता दिइनेछ। वृहत शैक्षिक मेला आयोजना गरिनेछ।
77. बाबुआमा विहिन असहाय, घरेलु हिंसामा परेका गरीब वालवालिकाका लागि छात्रावासको व्यवस्था गर्न सङ्घ संस्थासँग थप समन्वय गरी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
78. कम्तिमा एक एक ओटा इच्छित विद्यालयमा पाठ्यक्रम अनुसार आधारभूत तहका कक्षाहरुमा तामाङ र नेपाल भाषा शिक्षणको व्यवस्था मिलाइ राष्ट्रिय भाषा संरक्षण गरिनेछ ।
79. विद्यालय स्तरमा खेलकुद विकासका कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरिनेछ |

80. खेलकुदमा विशिष्टीकरणका लागि एक विद्यालय एक खेलकुद प्रवर्द्धनको नीति लिइनेछ ।
81. युवाको क्षमता विकास, युवा बहुप्रतिभाको पहिचान, युवा लक्षित जीवनोपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा, युवामा सकारात्मक सोंचको विकास गर्दै स्वयंसेवी संस्कृतिको विकास र श्रमको सम्मान जस्ता क्रियाकलापहरुलाई रोजगार कार्यक्रमसँग आवद्ध गर्दै युवालाई आत्मनिर्भर, स्वाबलम्वी र चरित्रवान नागरिक मार्फत् नगरको समृद्धिमा युवाको योगदान अभिवृद्धि गर्ने नीति लिइनेछ।
82. राष्ट्रिय अन्तर्राष्ट्रियस्तरको खेलाडी तयार गर्न नगर खेलकुद परिषद् गठन गरी खेलकुद विकासका लागि सघन रुपमा खेलकुद प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

**महिला, बालबालिका. अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, सामाजिक सुरक्षा र सामाजिक समावेशिता**

83. City of Humanity नगर निर्माण गरिनेछ ।यसै आवदेखि यस क्षेत्रमा कार्यरत संस्थाहरुसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।
84. महिला, बालबालिका, ज्येष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति लगायतको हक अधिकार प्रवर्द्धनका लागि सशक्तीकरणका कार्यक्रमहरु प्राथमिकताका साथ सञ्चालन गरिनेछ।
85. महिला उद्यमशिलता कार्यक्रमहरु सञ्चालन गरी व्यवसायीकरणको माध्यमबाट महिलाहरुको आर्थिक सशक्तीकरण गरिनेछ ।
86. हिंसा प्रभावितहरुका लागि अल्पकालिन सेवा केन्द्र (Safe House) सञ्चालनलाई निरन्तरता दिंदै उद्धार, संरक्षण, पुनर्स्थापना तथा न्याय निरुपण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
87. लैङ्गिक हिंसा निवारण कोषमा थप रकम व्यवस्थापन गरी कोषलाई निरन्तरता दिइनेछ।
88. स्थानीय सञ्चार माध्यमहरुबाट महिला, बालबालिका, किशोर किशोरी, अपाङ्गता तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ।
89. अपाङ्गता भएका व्यक्तिहरुका लागि लक्षितगरी उद्यमशिलता एवम् रोजगारीमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

90. अपाङ्गता भएका व्यक्तिको मर्यादित र आत्मनिर्भर जीवन निर्माणको लागि क्षमता विकासका कार्यक्रम, सहायता सामाग्री वितरण तथा समुदायमा आधारित पुर्स्थापना कार्यक्रमहरु सञ्चालन गरिनेछ।

91. ज्येष्ठ नागरिकका ज्ञान, सिप र अनुभवलाई अन्तरपुस्ता सिप हस्तान्तरणको माध्यमबाट समृद्ध नगर निर्माणका लागि उपयोग गरिनेछ |

92. ज्येष्ठ नागरिकका लागि दिवा सेवाकेन्द्र सञ्चालन, अल्जाइमर सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनुका साथै सहायता सामग्री वितरण गरिनेछ |

93. महिला तथा किशोरीहरुको हिंसा, जोखिम न्युनीकरण गर्न महिला तथा किशोरी लक्षित आत्मरक्षा तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

94. लैंगिक हिंसा/घरेलु हिंसा लगायत सबै प्रकारका हिंसा विभेद र शोषणको अन्त्य गर्न कानुनी सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

95. बाल यौन दुर्व्यवहार, बाल हिंसा विरुद्ध शून्य सहनशिलताको नीति लिइनेछ। विद्यालयमा बालबालिका माथि कुनै पनि दुर्व्यवहार हुन नदिन विद्यालयको गुनासो सुन्ने अधिकारी/गुनासो सुनुवाइ समितिबाट बाल सञ्जाल, सदनको नेता, कक्षाको कप्तानलाई परिचालन गरिनेछ। सामाजिक मनोपरामर्श र कानुनी सचेतनाका लागि प्रहरी र परामर्श प्रदान गर्ने संघ संस्थासमेतसँग सहकार्य गरिनेछ।

96. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति सम्बद्ध विभिन्न दिवसका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

97. बालमैत्री स्थानीय तह घोषणा भइसकेको सन्दर्भमा यसको थप मापदण्डहरुको परिपूर्ति तथा दिगोपनाको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ।

98. बालबालिकाहरुको संरक्षणको क्षेत्रलाई अति महत्त्व दिँदै नगरलाई बालश्रममुक्त नगर घोषणा गरिनेछ ।

99. बाल अधिकारको संरक्षण तथा आपतकालिन अवस्थामा उद्धार र संरक्षणको लागि बालसंरक्षण कोष सञ्चालनलाई निरन्तरता दिइनेछ साथै बाल विवाह विरुद्धका सचेतनामूलक कार्यक्रमहरु बालबालिका तथा अभिभावक तहसम्म पुऱ्याइनेछ।

100. धुलिखेल नगरपालिकालाई सामाजिक सुरक्षा र व्यक्तिगत घटनादर्ता सम्बन्धमा देशकै नमूना सिकाई तथा व्यवस्थापकीय केन्द्रको रुपमा विकास गर्ने उद्देश्य अनुरुप अभ्यासमा जोड दिइनेछ ।

101. जन्मको विवरण अस्पतालले प्रविष्टि गर्ने वित्तिकै सम्वन्धित नगरपालिकाका वडा कार्यालयले हेर्न मिल्ने र Verify गरी प्रमाणपत्र दिनका लागि धुलिखेल अस्पतालसँग समन्वय गरिनेछ ।

102. Birth Registration System (BRS जन्म प्रमाणपत्र) सञ्चालन गर्न स्वास्थ्य संस्थाहरुको दक्षता अभिवृद्धि गरिनेछ । साथै Death Registration System (DRS मृत्यु प्रमाणपत्र) लागू गर्न संघ सरकारसँग अनुरोध गरिनेछ ।

103. जन्मिएको ३५ दिनभित्र जन्मदर्ता गर्नका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

104. नगर क्षेत्रका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको Biometric Verification गरी NID सँग आवद्ध गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

105. खोप लगाइएको कार्डको आधारमा जन्मदर्ता गर्ने र जन्मदर्ताको आधारमा विद्यालय भर्ना लगायत अन्य प्रयोजनका लागि जन्म दर्तालाई नै पहिलो आधार मान्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

106. सामाजिक सुरक्षा भत्ता रकम हरेक व्यक्तिको खातामा नगरपालिकाबाट सिधै EFT मार्फत पठाइने व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

107. धुलिखेलको आवाजः छुवाछुतमुक्त समाज" अभियान साकार पार्न समुदायस्तरमा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन तथा अन्य समुदायसँगको सहकार्यात्मक कार्यक्रमहरुलाई दलित परिषद्को नेतृत्वमा निरन्तरता दिइनेछ।

108. समावेशी विकासका माध्यमद्वारा आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका जनजाति, दलित, महिला युवा र अपाङ्गता लगायतका लक्षित समुदायको विकासका लागि "मेयर गरीवी निवारण कार्यक्रम" प्रभावकारी एवम् नतिजामुलक रुपमा सञ्चालन गरिने कार्यलाई निरन्तरता दिइनेछ।

109. वडा कार्यालयबाट पछि उपलब्ध घटना दर्ता अभिलेख किताबलाई डिजिटाइजेशन गरी प्रणालीमा प्रविष्टि गरिनेछ ।

## खानेपानी तथा सरसफाइ

110. आव २०८३/०८४ भित्र **"एक घर एक धारा"** नीति सतप्रतिशत घरधुरीमा विस्तार गरिनेछ ।

111. **धुलिखेल नगर, सुरक्षित खानेपानी भएको शहरको रुपमा विकास गर्न कार्यक्रम सञ्चालन गरिनेछ साथै खानेपानीको डिजिटल तथ्याङ्क व्यवस्थापन गर्न N Wash कार्यक्रम लागू गरिनेछ ।**

112. छरिएर रहेका खानेपानी उपभोक्ता समितिहरुलाई वोर्डको रुपमा पुनर्गठन गरी खानेपानीका स्रोतको सञ्चालन, मर्मत सम्भार र दिगो व्यवस्थापनको प्रवन्ध गरिनेछ।

113. क्षतिग्रस्त काभ्रे उपत्यका एकीकृत खानेपानी परियोजना आर्थिक वर्ष २०८२/०८३ बाट पुनःनिर्माण सुरु गरी लाभग्राहीहरुलाई दिगो रुपमा खानेपानीको आपूर्ति गर्न अधिकतम पहल गरिनेछ।

114. गुणस्तरीय/सुरक्षित खानेपानी वितरणको अवधारणालाई पूर्ण रुपमा अवलम्बन गरी राष्ट्रिय योजना आयोगले तोकेको समयावधि भित्र दिगो विकास लक्ष्य हाँसिल गर्न पहल गरिनेछ ।

115. खानेपानीको महसुललाई समयानुकुल बनाइ एकरुपता ल्याउन खानेपानी उपभोक्ता समितिहरुसँगको आवश्यक समन्वयमा पुनरावलोकन गरी निर्धारण गरिनेछ ।

116. पानीका स्रोतहरुको संरक्षण तथा विस्तारको लागि खानेपानी उपभोक्ता समितिहरु, उपभोक्ताहरु र साझेदार संस्थाहरुसँग सहकार्य गरी संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ । पानीको मूल, जलाधार संरक्षण र भूमिगत जलस्रोत पुनर्भरणका लागि इसिमोडसँग भएको सहकार्यलाई निरन्तरता दिइनेछ ।

## पूर्वाधार विकास तर्फ

### सडक तथा यातायात

117. विपदबाट क्षतिग्रस्त स्थानीय सडक संरचनाहरु पुनःनिर्माण/मर्मत कार्यलाई प्राथमिकता दिइनेछ ।

118. नगर सडक गुरुयोजना (MTMP) बमोजिम नगरका सबै सडकहरुलाई बाह्रै महिना सवारी आवागमन हुन सक्ने गरी सडक सञ्जालको निर्माण गर्ने नीति लिइनेछ ।

119. नगर क्षेत्रका निर्मित पूर्वाधारहरुको नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको आवश्यक व्यवस्था मिलाइनेछ ।

120. सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई निरुत्साहन गरी निर्मित सडकहरुलाई बाह्रै महिना सहज यातायात आवगमन हुने गरी सडकको स्तरोन्नति र नियमित मर्मत सम्भार गरिनेछ ।

121. नगरको समग्र विकास निर्माण तथा सेवा प्रवाहमा सार्वजनिक-निजी-साझेदारी अवधारणा अवलम्बन गरिनेछ।

122. नगरक्षेत्रभित्र सञ्चालन हुने सबै प्रकारका पूर्वाधारजन्य तथा सामाजिक क्षेत्रका आयोजनाहरुको अभिलेख व्यवस्थापन गर्न स्थानीय आयोजना बैङ्कको सञ्चालन गरिनेछ ।

123. नापी कार्यालयको साझेदारीमा नगरक्षेत्रभित्रका सडकहरुको निजी स्वामित्वको लगत कट्टा गरी सार्वजनिक स्वामित्व कायम गर्न कम्तिमा २ ओटा वडाबाट यसै वर्ष कार्य प्रारम्भ गरिनेछ ।

124. क्षतिग्रस्त वा संकटासन्न ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक, धार्मिक सम्पदाहरूको पुनर्निर्माणका लागि सङ्घीय सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुसँग सहकार्य गरिनेछ ।

125. अन्तरपालिका यातायात आवागमनलाई व्यवस्थित गर्न अन्य पालिकाहरुसँग समन्वय गरिनेछ।

126. तीव्र शहरीकरणलाई व्यवस्थापन गर्न एवम् नगरको ग्रामिण क्षेत्रका बस्तीहरुमा व्यवस्थित वस्ती विकास गर्न धुलिखेल चक्रपथ निर्माण कार्य प्रारम्भ गरिनेछ।

127. पैदल यात्रीहरुको सुरक्षाको लागि नगरक्षेत्र भित्र पर्ने ठूला सडकहरुमा पहुँचयुक्त फुटपाथ लगायतका पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

128. ट्राफिक प्रहरी र विद्यालयसँग सहकार्य गरी सडक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

**भवन आवास तथा शहरी विकास**

129. साविक स्थानीय निकाय हुँदा बनेका भवन संरचनाहरुलाई अनिवार्य अभिलेखीकरणगर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

130. धुलिखेल, श्रीखण्डपुर र इँटे क्षेत्रका पुरातात्त्विक निजी आवासहरु रहेको क्षेत्रमा साविक मौलिक ढाँचामा नै भवन निर्माण गर्दा नगरपालिकाबाट विगतमा उपलब्ध गराइएको सहुलियतलाई निरन्तरता दिइने छ।

131. भूमिको वर्गीकरण सम्बन्धी कार्यविधि अनुसार जग्गाको वर्गीकरण कार्य सम्पन्न गरिनेछ । शहरी योजना, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड परिमार्जन गरी लागू गरिने छ ।

132. नगरको साँस्कृतिक सामुदायिक पहिचान झल्कने गरी एक वडा एक नमुना टोल विकास गरिनेछ ।

133. हरियालीयुक्त धुलिखेल कायम राख्न तथा सडक निर्माण कार्यबाट हुने भूक्षय नियन्त्रण गर्न सडक किनारमा वायोइन्जिनियरिङ्ग गर्ने कार्यलाई अनिवार्य गरिनेछ।

134. आयोजना निर्माणमा महिलाहरुको सहभागिता र अपनत्व अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ ।

135. धुलिखेल जग्गा विकास आयोजना (Dhulikhel Land Pooling) लाई चालू आ.व. मा जग्गाको रेखाङ्कन तथा अभिलेखीकरण सम्पन्न गरी सम्बन्धित जग्गा धनीलाई लालपुर्जा वितरण गरिनेछ।

136. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ (३) अनुसार जग्गाको खण्डीकरण तथा प्लटिङ्ग कार्यलाइ कडाइका साथ लागू गरिनेछ । हालसम्म अनुमती नलिइ जग्गा खण्डीकरण वा प्लटिङ्ग गरेका व्यवसायीलाई अनुमती लिनको लागि आव्हान गरिनेछ । जग्गा विकास निर्दिशिका २०७८ लाई प्रभावकारी रुपमा कार्यान्वयन गरी व्यवस्थित वस्ती विकास कार्य सञ्चालन गरिनेछ ।

137. नगरपालिकाको पूर्व अनुमती/स्वीकृतिमा मात्र जग्गाको चक्लाबन्दी गर्ने व्यवस्था मिलाइनेछ ।

138. धुलिखेल नगरपालिकाको प्रस्तावित औद्योगिक ग्राम (फस्कोट) को प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गरी औद्योगिक क्षेत्रका अन्य आवश्यक पूर्वाधार तयार गरिनेछ । Green Industry को अवधारणालाई कार्यान्वयन गर्न प्रदुषण रहित उद्योगहरु मात्र स्थापना गर्ने व्यवस्था मिलाइने छ।

139. नगर विकास कोषद्वारा सञ्चालित MFCB कार्यक्रम अन्तर्गत धुलिखेल नपा वडा ५, ६ र ७ को शहरी पुनर्उत्थान आयोजना (Urban Regeneration Project) सञ्चालन गर्न चरणवद्ध कार्यक्रम तयार गरी निश्चित क्षेत्रमा क्रमशः कार्यक्रम सञ्चालन गरिनेछ ।

**पर्यटन पूर्वाधार**

140. देवीस्थान पार्कको बाँकी काम पूर्ण रुपमा सम्पन्न गरी नमुना पार्कको रुपमा विकास गरिने छ । उक्त पार्कमा रहेको भवनमा जातजातिको पहिचान झल्काउने भेषभूपा तथा परम्परागत सामाग्रीहरुको प्रदर्शनीस्थल राख्ने व्यवस्था मिलाइने छ ।

141. देवीस्थान पार्कलाई नेपाल एकीकरण मार्ग (Unification Trail) निर्माणको हव बनाइनेछ।

142. काभ्रेभञ्ज्याङदेखि देवीस्थान तथा भट्टीडाँडा देखि देवीस्थानसम्मको बाटोलाई पर्यटन मार्गको रुपमा निर्माण गरिनेछ ।

143. धुलिखेलको देवीस्थान जङ्गलमा धुलिखेल (DHULIKHEL) लेखी पर्यटनको लागि आकर्षणको केन्द्र बनाइनेछ र जङ्गल सफारी मार्गको रुपमा समेत विकास गरिनेछ ।

144. सूर्योदय पार्कबाट दारिमकोट डाँडासम्म GLASS BRIDGE राख्न संभाव्यता अध्ययन गरिनेछ ।

145. नगरको साँस्कृतिक सम्पदाहरुको संरक्षण गर्न भाषा, कला, जात्रा, पर्वको संरक्षण व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

146. देवीस्थान जङ्गलमा वन्यजन्तु संरक्षण केन्द्र स्थापना गर्न पहल गरिनेछ । सार्वजनिक यातायातबाट धुलिखेल घुम्न आउने विदेशी तथा आन्तरिक पर्यटकहरुलाई सुविधा दिन धुलिखेलमा अवस्थित होटलहरुको सहयोगमा शौचालय सहितको बसविसौनी निर्माण गर्न आवश्यक पहल गरिनेछ।

147. होमस्टेहरुमा स्थानीय नृत्य तथा मौलिक भेषभूषा तथा संस्कृति झल्कने कार्यक्रम सञ्चालनमा जोड दिँदै नगरपालिकाको तर्फबाट प्रविधि, स्रोत साधन र सीपको हस्तान्तरण गरिनेछ। होमस्टे सञ्चालित क्षेत्रहरुमा सडक, विद्युत, सञ्चार, खानेपानी लगायतका न्यूनतम पूर्वाधारहरुको विकास गरिने छ । उक्त क्षेत्रहरुमा फ्री वाईफाई

र सि.सि क्यामेरा जडान गरिनेछ। होमस्टे क्षेत्रहरुमा जैविक खेती, परम्परागत पशुपालन, मत्स्य तथा मौरीपालन जस्ता व्यवसायहरुको प्रवर्द्धन गर्न विशेष कार्यक्रम सञ्चालन गरी मौलिक पहिचान दिइनेछ।

148. धुलिखेललाई Smart City को रुपमा विकास गर्न सम्भाव्यता अध्ययन गरिने छ ।

149. नगरक्षेत्रभित्र रहेका सबै झर्ना, पोखरी, गुफा, ऐतिहासिक तथा धार्मिक महत्त्वका स्थलहरु मठ, मन्दिर, गुम्वा, चर्च, मस्जिद, पाटी, पौवा, छोर्देन लागायतका संरचनाहरुको पहिचान गरी उक्त स्थलहरुको आवश्यक पूर्वाधारहरुको विकास गरिनेछ।

150. निजीक्षेत्रका पर्यटन उद्योगीहरुलाई आवश्यक पर्ने भौतिक पूर्वाधारहरुको सहज उपलब्धताका लागि नीतिगत सहजीकरण गरिनेछ ।

151. धुलिखेलमा आउने पर्यटकहरुको बसाई दिन लम्ब्याउन पर्यटन व्यवसायीहरुको सहकार्यमा न्यूनतम ३ दिनको पर्यटन बसाइको भ्रमण प्याकेज निर्धारण गरी कार्यान्वयनमा ल्याइनेछ ।

152. धुलिखेललाई पर्यटकीय आकर्षण बढाउन विभिन्न समयमा फुड फेस्टिभल तथा साँस्कृतिक महोत्सव आयोजना गरिनेछ ।

153. पर्यटन सम्बन्धी निर्माण भइसकेका पूर्वाधारहरुको संरक्षण तथा सम्वर्धनको लागि आवश्यक वजेट व्यवस्थापन गरिनेछ ।

**सञ्चार तथा सूचना प्रविधि**

154. सेवा प्रवाह इन्टरनेट सुविधा, राजश्व सङ्कलन, सिसि क्यामेरा सर्भेलेन्स, ई हाजिरी व्यवस्थापनका लागि फाइबर विस्तारको कार्यलाई निरन्तरता दिइनेछ |

155. प्रशासनिक कार्यलाई व्यवस्थित बनाउन र कागजरहित तथा अनलाइन सेवाको प्रवर्द्धन गर्न आवश्यक सूचना प्रविधि पूर्वाधार (IT Infrastructure) निर्माण गरी सञ्चालन गरिने छ ।

156. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सूचना प्रविधिमैत्री बनाउनको लागि सूचना प्रविधि सम्बन्धी क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गरिने छ ।

157. आर्थिक कारोबारको Cyber सुरक्षाको लागि Firewall system, SSL Certificate र सञ्चालित विभिन्न सूचना व्यवस्थापन प्रणाली लगायत अन्य सुरक्षा पूर्वाधार चुस्तरुपमा सञ्चालन सहित Server Upgrade र व्याकअपको व्यवस्था गरिने छ ।

158. नगरपालिका/वडा कार्यालयको Internal/Networking लाई व्यवस्थित तथा Upgrading गरी चुस्त इन्टरनेट सेवाप्रवाहको व्यवस्था मिलाइनेछ |

159. प्रशासनिक कार्यलाई कागज रहित बनाइ Digital ट्रान्सफर्मेसन तथा डिजिटल सेवा प्रवाहको लागि आवश्यक सूचना प्रविधि पूर्वाधार सहित सफ्टवेयर तथा मोवाइल एप्लिकेशनहरुको प्रयोगमा जोड दिने योजना अनुरुप डिजिटल सिग्नेचर सर्टिफिकेटको प्रयोग तथा अन्य सफ्टवेयरहरुको प्रयोगलाई थप प्रभावकारी बनाइनेछ |

160. पत्रपत्रिका, एफ.एम रेडियो मार्फत् लोक कल्याणकारी सूचना/संदेश प्रकाशन तथा प्रसारण गरिनेछ ।

161. सबै शाखा, वडा कार्यालय, स्वास्थ्य केन्द्र र विद्यालयहरुमा सञ्चालित विभिन्न व्यवस्थापन सूचना प्रणाली (MIS system) तथा सूचना प्रबिधि उपकरणको सहज सञ्चालनका लागि आवश्यक प्राविधिक सहयोग एवम् सहजीकरण गरिनेछ |

162. नगरपालिकाको वेब साइट तथा सामाजिक सञ्जालको सञ्चालन तथा अद्यावधिक गरिनेछ |

**अन्य पूर्वाधार निर्माण**

163. पूर्वाधार निर्माण तर्फका टुक्रे आयोजनाहरुलाई निरुत्साहित गरिनेछ ।

164. नगरपालिकाको वडास्तरीय योजना कार्यान्वयनका लागि वडा तहमा प्रदान गर्दै आएको वडास्तरीय वजेटको व्यवस्था तथा जनसंख्या, भूगोल तथा राजश्व परिचालनको क्षमताको आधारमा उपलब्ध गराइने सूत्रमा आधारित वजेट प्रणालीलाई निरन्तरता दिइनेछ ।

165. नगरकार्यपालिकाका सदस्यहरुको नागरिकसँगको सम्बन्ध स्थापित गर्न प्रत्येक सदस्यहरुको सिफारिशमा पूर्वाधारसँग सम्बन्धित एक/एक योजना सञ्चालनको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

166. नगरपालिकाको भौतिक एवम् सामाजिक सेवालाई अपाङ्गमैत्री र बालमैत्री बनाउँदै लगिनेछ । त्यस्तै, सडक फुटपाथ तथा जेब्रा क्रशिङहरुमा सङ्केतयुक्त टायल लगाउने अभ्यास प्रारम्भ गरिनेछ ।

167. जीर्ण रहेका ऐतिहासिक महत्त्वका सार्वजनिक भवन संरचना निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

168. साहसिक खेललाई प्रोत्साहन तथा प्रवर्द्धन गर्नका लागि सरोकारवालाहरुको सहकार्यमा देवीटारमा माउण्टेन स्पोर्टस ट्रेनिङ्ग सेन्टर निर्माण गरिनेछ । नगरको गौखुरेश्वर बनमा निर्माणाधीन अपाङ्गमैत्री ईको ट्रेलको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

**आर्थिक विकास तर्फ**

**कृषि विकास**

169. कृषिमा आधुनिक प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न कृषकसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरी कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ ।

170. कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण सम्बन्धी कार्यहरु गरिनेछ ।

171. अमिला जातका फलफूलको उत्पादन साथै उत्पादकत्व वृद्धि गर्न बगैंचा सुधार तथा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

172. कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण सम्बन्धी कार्यहरु गरिनेछ ।

173. बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गरी नविनतम प्रविधि प्रयोग गर्न कृषकहरुलाई प्रोत्साहन गरिने छ ।

174. उन्नत जातका विउविजनको प्रयोगमा प्रोत्साहन र मलखाद, रसायन, विषादि तथा औषधिहरुको प्रयोग र उपयोगमा नियमन गरिनेछ ।

175. कृषिमा प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गरी माटोको गुणस्तर सुधार गर्न जोड दिइनेछ ।

176. कृषियोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा पुऱ्याउन आवश्यक पूर्वाधारको निर्माण गरिनेछ ।

177. कृषक सूचीकरण कार्यक्रमलाई आगामी आवमा सम्पन्न गर्नेगरी कृषि क्षेत्रको एकीकृत सूचना र तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिनेछ ।

178. माटो परीक्षणको लागि ल्याब स्थापना गरी निरन्तर रुपमा माटो परीक्षण कार्य गरिनेछ ।

179. कृषक, कृषक समूह, कृषि प्राविधिक, कृषि सहकारीहरुको दक्षता अभिवृद्धिका लागि क्षमता वृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

180. अर्गानिक उत्पादनमा प्रोत्साहन एवम् जोड दिँदै स्थानीय बजारमा खपत गर्न निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

181. रैथाने जातका वालीहरुको पहिचान गरी ती बालीहरुको बीउ संरक्षण लगायत उत्पादनमा प्रोत्साहन गरिनेछ । साथै रैथाने जातका बालीहरुको बीउको विशेष अधिकारको स्वामित्व ग्रहण (Patent right) गरिनेछ । घोषणा भएका कृषि पकेट क्षेत्र भित्र तोकिएका बालीहरु उत्पादन र उत्पादकत्व वृद्धिको लागि संघ तथा प्रदेश सरकारसँग समन्वय र साझेदारी गरिनेछ ।

182. निजी सामुदायिक बन भित्रका अनुपयोगी बुट्यान हटाइ घाँस तथा फलफूल मसलावाली, कन्दमूल वालीको क्षेत्र विस्तार गर्न किसान तथा बन उपभोक्ता समूहलाई प्रोत्साहन गरिनेछ।

183. जलवायु परिवर्तनको कारण कृषिमा परेको क्षति न्युनीकरण गर्नका लागि नगरपालिकाबाट स्वीकृत कार्यविधि बमोजिम कार्यहरु गरिनेछ।

184. विषादिको प्रयोग न्युनीकरण गर्नका निम्ति असल कृषि अभ्यासहरु (GAP -Good Agriculture Practice)का सिद्धान्तहरुलाई कार्यान्वयन कार्यहरु गरिनेछ।

185. उत्पादित कृषि वस्तुहरुको बजार सुनिश्चितता र उपभोक्ताको गुणस्तरीय वस्तु उपभोग गर्न पाउने अधिकारलाई सुनिश्चित गर्न स्थायी कृषि बजार र कृषि हाटबजारको स्थापना गरिनेछ ।

186. बाँझो रहेको जमिनलाई पुनःउत्पादन कार्यमा प्रयोगमा ल्याउन प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## पशुपन्छी विकास

187. कृषकसँगको लागत सहभागितामा पशुजन्य वस्तुको गुणस्तरीय उत्पादन बजारीकरण प्रवर्द्धन गर्न आधुनिक, प्रविधि तथा यान्त्रीकरणमा जोड दिइनेछ ।
188. प्रभावकारी पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापनबाट उपचारको व्यवस्था मिलाइनेछ ।
189. गुणस्तरीय दुध उत्पादनका लागि पोषिला पशुआहारको व्यवस्थापन, पशु गोठ सुधार तथा चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ |
190. अन्डा र मासु उत्पादनमा नगरपालिकालाई आत्मनिर्भर बनाई निकासी प्रवर्द्धनका लागि व्यावसायिक उत्पादनमा जोड दिइनेछ ।
191. दुग्धजन्य पदार्थहरुको उत्पादनमा विविधीकरण गरी उत्पादक किसानले लागत मूल्य पाउने सुनिश्चितता गरिनेछ |
192. पशुपालन तथा कृषि पकेट क्षेत्रमा उन्नत जातको घाँसको विउ तथा वेर्ना वितरण कार्यलाई निरन्तरता दिइनेछ।साथै आयातित पशुजन्य आहारलाई प्रतिस्थापन गर्न समुदाय तहमै पशुआहार उत्पादन कार्यलाई प्रोत्साहन गरिनेछ |
193. सन् २०३० सम्ममा प्राण घातक रोग रेविजलाई जिरो प्रतिशतमा बनाउने लक्ष्य पूरा गर्न छाडा तथा खुल्ला रहेको सामुदायिक कुकुरहरुलाई बन्ध्याकरण तथा रेविज खोपको व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।
194. पशु चौपाया छाडा छाड्ने पशु धनीको पहिचान गरी कारवाहीको दायरामा ल्याइनेछ ।
195. कृषि तथा पशु सेवालाई समुदाय तहसम्म विस्तार गरी नगरपालिका र कृषक सँगको साझेदारीलाई प्रोत्साहन गरिनेछ |
196. वैदेशिक भूमिमा कृषि तथा पशुपालन कार्यमा संलग्न भई फर्केका नागरिकलाई स्थानीय स्तरमा कृषि तथा पशुपालन व्यवसाय गर्न प्रोत्साहन गरिनेछ |
197. रोग निदान तथा विभिन्न प्रकारको जिवाणु, विषाणु, परजीवीहरु लगायत पशुपन्छीहरुको महामारी नियन्त्रणको लागि वायो सेक्युरिटी कार्यलाई प्रभावकारी बनाइनेछ ।

198. कृषकसँगको सहकार्यमा कृषि तथा पशुपन्छीसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरु प्रभावकारी रुपमा मनाइनेछ ।

## गरीबी न्यूनीकरण, रोजगारी र उद्यम विकास

199. नागरिक स्तरमा स्वरोजगार सृजना गर्न र गरीवी न्यूनीकरण गर्न सरकार तथा नीजि क्षेत्रसँग साझेदारीमा सिप तथा उद्यमशिलता तालिम अभियान सञ्चालन गरिनेछ।

200. गरीवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत् नयाँ उद्यम स्थापना तथा पुराना उद्यमीहरुको लघुउद्यमको स्तरोन्नति Advance सीप विकास तालिम र आवश्यकताको आधारमा उपयुक्त प्रविधिहरु हस्तान्तरण गरिनेछ। यसका लागि नगरपालिकाबाट समेत थप बजेटको व्यवस्थापन गरिनेछ।

201. बेरोजगारहरुको तथ्याङ्क तथा अभिलेख व्यवस्थित गरी **एक बेरोजगार एक सिप** प्रवर्द्धन गरी सार्वजनिक निर्माण कार्यमा निजहरुको अबद्धता बढाइनेछ।

202. टोल विकास संस्था सशक्तीकरण गरी भौतिक पूर्वाधार निर्माणमा साझेदार संस्थाको रुपमा विकास गरिनेछ।

203. स्थानीय उत्पादनहरुको प्रवर्द्धन गर्न होटल व्यवसायी सँगको समन्वयमा उत्पादनको विवरण सहितको आकर्षक प्याकेजिङ्गको नमुना नगर क्षेत्रभित्रका होटलहरुमा राखी बिक्री वितरण गर्ने व्यवस्था मिलाइने छ।

204. प्रधानमन्त्री रोजगार कार्यक्रममा सुचिकृत भएका बेरोजगारहरुलाई नगरबाट सञ्चालन हुने विकास निर्माणका आयोजनाहरुमा रोजगारीको अवसर प्रदानगरी न्युनतम रोजगारीको ग्यारेन्टी गरिनेछ।

205. श्रमको सम्मान राष्ट्रको अभियान, समान काम समान ज्याला, बाध्यकारी तथा बालश्रम निवारण सम्बन्धी कार्यक्रमका सञ्चालन गरी रोजगारीको अवसर सिर्जना गरिनेछ।

206. रोजगार रणनीतिलाई समय सापेक्ष अध्यावधिक गरी नमुना रोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

207. नमुना रोजगार कार्यक्रमलाई निरन्तरता दिँदै कृषि शाखाको समन्वयमा बेरोजगारहरुको समूह बनाइ सामुहिक रुपमा फलफूल, तरकारी तथा कन्दमुल खेती कार्यक्रम सञ्चालन गरी उत्पादन मुलक रोजगारी सिर्जना गरिनेछ ।

208. नगरको बेरोजगारीको समस्या समाधान गर्न रोजगार दाता र बेरोजगारहरु बिच सम्पर्क र समन्वय स्थापित गर्ने गरी रोजगार मेला कार्यक्रम सञ्चालन गरिनेछ ।

209. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगार तथा रोजगारमुलक कार्यक्रमहरू सञ्चालनमा जोड दिनुका साथै बाध्यात्मक अवस्थामा बैदेशिक रोजगारीमा जानेहरू र तिनका परिवार लक्षित गरी बैदेशिक रोजगारीलाई मर्यादित, व्यवस्थित र गुणस्तरीय बनाउन सूचना तथा परामर्श सेवा, मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षारता कक्षा सञ्चालन र रिटर्नी स्वयंसेवक परिचालन तथा वैदेशिक रोजगारीबाट फर्केका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई उद्यम स्थापना गर्न प्रोत्साहन तथा सहयोग गरिनेछ । यी कार्यहरू सञ्चालन गर्नको लागि संघ र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

210. विदेशबाट फर्केका श्रमिकको ज्ञान, सीप, अनुभव र पुँजीलाई उत्पादनशिल क्षेत्रमा परिचालन गरिनेछ। विदेशबाट फर्किएका कामदारको सिप, अनुभवलाई प्रयोग गरी उधमशिलता मार्फत रोजगारी सिर्जना गर्न र स्थानीय आर्थिक विकासमा योगदान दिने गरी बैंक तथा वित्तीय क्षेत्रको सहकार्यमा स्टाटअप परियोजना सञ्चालन गरिने छ ।

211. धुलिखेल नगरपालिका भित्रको बेरोजगारी समस्यालाई कम गर्न रोजगार प्रदायक संस्थाको माग बमोजिमका दक्ष जनशक्ति उत्पादन गरी रोजगारीका अवसरहरु सिर्जना गरिने छ ।

212. नगरपालिकाबाट यस अगाडि सञ्चालन भएका प्राविधिक तथा व्यवसायिक तालिमबाट विभिन्न सिप सिकेका व्यक्तिहरुको लगत अद्यावधिक गरी उद्यमशिलताको प्रवर्द्धन गरिनेछ।

213. धुलिखेललाई समृद्ध शहर बनाउन गरिवी शुन्य अभियान सञ्चालन भइरहेको सन्दर्भमा संघ तथा प्रदेश सरकारको सहयोगमा गरीवी निवारण, आयआर्जन तथा उद्यम विकास सम्बन्धी कार्यक्रमहरु मेड्पा मोडलअनुसार परिषद्हरुको कार्यक्रममा

तालमेल हुने गरी सञ्चालन गरिने व्यवस्था मिलाइनेछ ।यस परियोजनाका लागि सङ्घ सरकारबाट गरीवी निवारण-गरीवीको रेखामुनी रहेको समुदाय, वर्गको उत्थान कार्यक्रमका लागि रु १ करोड १६ लाख र प्रदेश सरकारबाट रु ५ लाख बजेट विनियोजन समेत भइसकेको छ ।

**उद्योग तथा पर्यटन र व्यापार व्यावसायः**

214. नगरभित्र सञ्चालन भएका सबै उद्योगहरु तथा व्यापार व्यवसायको अभिलेख तयार गर्न नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

215. नियमित रुपमा सबै भन्दा वढी कर तिर्ने र ५० जना भन्दा बढी रोजगार दिने उद्योगलाई नगरबाट सम्मान गर्ने नीति लिइनेछ ।

216. स्थानीय कच्चा पदार्थमा, मैलिकता झल्काउने, स्थानीय सिप कला र प्रविधिको प्रयोगमा आधारित उद्योगहरुको स्थापनाको लागि सिप विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

217. उद्योग वाणिज्य संघसँगको सहकार्यमा व्यापार व्यावसाय दर्ता तथा नवीकरण कार्य प्रभावकारी बनाइनेछ ।

218. बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।

219. स्थानीय उत्पादनलाई प्रर्वधन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**सहकारी**

220. नगरपालिकाको क्षेत्राअधिकार भित्रका सहकारी संस्थाहरूको प्रवर्धन र नियमन गरिनेछ । नगरपालिका, जिल्ला सहकारी संघ, विषयगत सहकारी संघ र प्रारम्भिक सहकारी संस्था समेतको लागत साझेदारीमा सहकारी सचेतना, सहकारी व्यवस्थापन, सहकारी लेखा, सहकारी प्रविधि जस्ता विषयहरूको तालिम सञ्चालन गरिनेछ ।

221. सबै सहकारी संस्थाहरूलाई कोपोमिस (COPOMIS) मा आबद्ध गरिनेछ ।

222. गैह्र सदस्य कारोवार, एउटै विषयका बहुसंस्था सदस्यता, कार्यक्षेत्र बाहिरको कारोवार लगायतका सहकारीको वित्तीय सुशासन प्रतिकूल कार्यलाई कडाइका साथ नियमन गरिनेछ ।

223. सहकारी संस्था अनुगमन र नियमनमा जिल्ला सहकारी संघ र विषयगत सहकारी संघहरूलाई जिम्मेवार बनाइनेछ । नगरपालिका र सहकारी संघ संस्थासंग निरन्तर सम्पर्क, सहयोग र साझेदारीको लागि संयन्त्र निर्माण गरिने छ । सहकारी संस्था, सहकारी संघ र वित्तीय संघ संस्थासँगको साझेदारीमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

**वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ**

**वातावरण संरक्षण**

224. नगर क्षेत्रमा हरियाली प्रवर्धन, वातावरण संरक्षण गर्न उपयुक्त स्थानहरू पहिचान गरी वृक्षारोपण अभियानलाई निरन्तरता दिइने छ ।

225. खाली रहेका पाखा तथा जमिनहरु साथै व्यक्तिगत जमिनहरुमा विभिन्न प्रजातिका विरुवाहरुको वृक्षारोपण गर्न प्रोत्साहन गरिने छ।

226. सार्वजनिक जग्गा, नदी किनार, सरकारी कार्यालय तथा विद्यालय परिसरमा वृक्षारोपण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

227. नगरक्षेत्रका सबै वन उपभोक्ता समितिको वन कार्ययोजना बमोजिम सामुदायिक वनको प्रकृति अनुसारका जल भण्डार सञ्चय गर्ने र नयाँ नयाँ प्रजातिका बनस्पतिको वृक्षारोपण कार्य गरिनेछ।

**जलाधार संरक्षण**

228. नगरपालिकाभित्र रहेका खानेपानीको मुहान संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ। साथै बायोइन्जिनियरिङ प्रविधिको प्रयोग गरी भूक्षय रोकथाम गरिनेछ ।

229. सिमसार क्षेत्रलाई व्यवस्थित गरिनुका साथै नगर क्षेत्रभित्र रहेका पुराना हिटी तथा पोखरीको पुनर्स्थापना, संरक्षण तथा सम्वर्द्धन गरिनेछ।

**जलवायु परिवर्तन**

230. विश्वव्यापी समस्यामा रहेको जलवायु परिवर्तनको असर कम गर्न वृक्षारोपण लगायतका कार्यक्रमलाई निरन्तरता दिइने छ।

231. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदार संस्थासँग समन्वय तथा सहकार्य गरी वातावरणमैत्री नगर बनाउनको लागि जिरो कार्बन सिटी अभियानलाई निरन्तरता दिइनेछ।

232. अन्तर्राष्ट्रिय साझेदार संस्था (CDKN, ICLEI -South Asia) को सहयोगमा निर्माण हुँदै गरेको स्थानीय जलवायु अनुकुलन योजना (Local Adaptation Plan For Climate Action-LAPA) लाई तयार गरी लागू गरिनेछ ।

**फोहोरमैला व्यवस्थापन**

233. फोहरलाई पुनः प्रयोग र प्रशोधन गर्न स्रोतमा नै वर्गीकरण गर्ने व्यवस्था मिलाइनेछ।

234. वातावरण संरक्षण र प्रवर्द्धनका लागि वैज्ञानिक उपायहरु अवलम्वन गर्नुका साथै चालिस माइक्रोन भन्दा पातलो प्लास्टिक झोलाको प्रयोगलाई निरुत्साहित गरिनेछ।

235. नगर क्षेत्रभित्रको फोहरमैलाको दिगो व्यवस्थापनको लागि फोहोरको सङ्कलन, ढुवानी र रुपान्तरण गर्न प्रतिस्पर्धात्मक विधिबाट कार्य अगाडि बढाइनेछ।

236. फोहोरमैलाको दीर्घकालीन व्यवस्थापनको लागि साझेदार संस्था भेन्चर वेस्ट टु इनर्जी नेपाल प्रा.लि. को सहकार्यमा तयार भएको विस्तृत परियोजना प्रतिवेदन अनुसारको पूर्वाधार निर्माणको कार्य अगाडि बढाइने छ।उक्त कार्यको लागि नेपालसरकारसँग जग्गा प्राप्ति गर्न पहल गरिनेछ।

237. नगर भित्रका दिसाजन्य लेदो व्यवस्थापन (FSM) तथा फोहोर पानी प्रशोधन गर्ने Treatment Plant हरुलाई नियमित मर्मत गरी सञ्चालन गरिनेछ ।

238. अरनिको राजमार्ग तथा वि.पी राजमार्ग र नगरका अन्य मुख्य बस विसौनीहरु पार्क बगैंचाहरुमा सार्वजनिक शौचालय निर्माणलाई प्राथमिकता दिइनेछ । साथै पुराना शौचालयहरुको व्यवस्थित प्रयोग गर्न मर्मतसंभार गरिनेछ ।

**उर्जा**

239. सबै वडा केन्द्रका मुख्य सडकहरुमा सडक बत्ती जडान तथा विस्तार कार्यलाई निरन्तरता दिइने छ ।

240. विद्युतको उपयोगिता बढाइ ग्याँस तथा दाउराको प्रयोग न्युनीकरण गर्न प्रोत्साहन गरिने छ।

**विपद व्यवस्थापन**

241. विपद्को समस्या पहिचान तथा न्यूनीकरण गर्ने (LDRMP), विपद् प्रतिकार्य योजना निर्माण गरी सो अनुरुपका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

242. नगरपालिका भित्रका जोखिमयुक्त बस्तीहरु पहिचान गरी सुरक्षित बस्ती व्यवस्थापन गरिनेछ ।

243. विपद् व्यवस्थापन कोष मार्फत् विपदपछिको पुनःनिर्माण र तत्कालिन राहत उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

244. आपत्कालिन कार्य सञ्चालन केन्द्रलाई स्रोत साधन सम्पन्न बनाइ विपद् उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाईनेछ

**सेवा प्रवाह, संस्थागत विकास तथा सुशासन तर्फ**

**प्रशासन सुधार तथा व्यवस्था**

245. स्थानीय सरकारका काम कारवाहीलाई पारदर्शी तथा प्रभावकारी बनाउन साङ्गठानिक, प्रणालीगत तथा व्यवहारगत सुधार गरिनेछ ।

246. नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरुका लागि सहज रुपमा पाउने गरी नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था मिलाइने छ।

247. कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्धतिलाई प्रभावकारी र वैज्ञानिक बनाइ सेवामुखी एवम् जवाफदेही बनाउन कर्मचारीहरुको कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिनेछ।

248. पारदर्शिता एवम् सुशासनका लागि नगरपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ।

249. वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य संस्थामा डिजिटल हाजिरीको व्यवस्था गरी नगरमा लिङ्क गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

250. वडा तथा नगरपालिकामा कार्यरत कर्मचारीको क्षमता विकास गर्न कार्य क्षमता तथा रुचिको आधारमा स्थानान्तरण तथा जिम्मेवारी हेरफेरको नीति अवलम्वन गरिनेछ ।

251. नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि तथा मानव संशाधन विकासका लागि नगर क्षमता विकास योजना तर्जुमा गरी लागू गरिनेछ ।

252. आगामी दुई वर्ष भित्र प्रत्येक वडाको आफ्नै वडा कार्यालय भवन हुने गरी भवन निर्माण कार्यलाई प्राथमिकता दिइनेछ । साथै वडा कार्यालयलाई नागरिकहरुको पहिलो र नजिकको सरकारको रुपमा विकास गर्न भौतिक सुविधा सम्पन्न गर्दै लगिनेछ ।

253. नगरपालिका र नगरपालिका मातहतका सबै सरकारी निकायहरुमा अनिवार्य रुपमा नागरिक वडापत्र अद्यावधिक गरिनेछ।

254. आयोजना तथा कार्यक्रमहरुको वार्षिक समीक्षा, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक पृष्ठपोषण जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय सुशासन कायम गर्ने व्यवस्था गरिनेछ । गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ।

255. सार्वजनिक खरिद प्रक्रियालाई सरल, पारदर्शी र विश्वसनीय बनाउँदै विकास कार्यहरुको व्यवस्थित अनुगमन प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ।

256. कार्यालयमा रहेका पुराना सवारी साधनहरुको मर्मत सम्भार खर्च न्यूनीकरण गर्न त्यस्ता साधन लिलामविक्री वा हस्तान्तरणको प्रक्रियालाई निरन्तरता दिइनेछ ।

257. आयोजनाहरुको गुणस्तर सुनिश्चितता साथै सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न गर्न सहजीकरणका लागि फिल्ड सुपरभाइजरको व्यवस्था गरिनेछ।

258. दीगो विकासका चारओटा लक्ष्यहरुको स्थानीय पुनरावलोकन (Local Review) भइ सकेको सन्दर्भमा बाँकी संभाव्य लक्ष्यहरु समेतको पुनरावलोकनका लागि विकास साझेदारहरुसँग सहकार्य गरिने छ। विद्यमान सूचकहरुको आधारमा नगरस्तरका उन्नत सूचकहरु निर्धारण गरी लक्ष्य प्राप्तिका लागि नगरपालिकाका क्रियाकलापहरु सामायोजन तथा आन्तरिकीकरण गरिनेछ।

259. नगरको अर्थतन्त्रको यथार्थ चित्रण गर्न र आर्थिक विकासका क्रियाकलापहरुलाई लक्षोन्मुख गराउन धुलिखेल नगरको समग्र अर्थतन्त्र (Micro Economic Status) को अवस्था अध्ययन गर्न विकास साझेदारहरुसँग सहकार्य गरिनेछ।

260. "**सु-सुचित नागरिक, पारदर्शी नगरपालिका**" को अवधारणा बमोजिम स्थानीय रेडियो/टेलिभिजन/अन्य सञ्चार माध्यमबाट नगरपालिकाबाट सम्पादन गरिएका कार्यहरुको प्रसारण कार्यलाई निरन्तरता दिइनेछ।

**राजश्व प्रशासन**

261. कवाडी कर, विज्ञापन कर , व्यवसाय कर लगायतका करको दायरा फराकिलो बनाइ नगरको आन्तरिक आम्दानीमा वृद्धि गरिनेछ । नगरक्षेत्रमा राखिने विज्ञापन, प्रचार तथा सङ्केत सामाग्रीको मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याइने छ। यसका लागि विज्ञापन सम्बन्धी ऐन बनाइ कार्यान्वयन गरिनेछ।

262. राजश्व सङ्कलन प्रक्रियालाई सहज अनि प्रविधिमैत्री बनाउन अनलाइन पेमेन्ट प्रक्रिया शुरु गरी समग्र राजश्व प्रशासनलाई करदातामैत्री बनाइने छ । राजश्व अनुगमन कार्यलाई कडाईका साथ लागू गर्न विशेष अनुगमन टोली गठन गरी परिचालन गरिने छ ।

263. राजश्व प्रशासनलाई प्रभावकारी बनाउन आवश्यक ऐन, नियम ,कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गरिने छ । घर वहालमा दिने करदाताहरुलाई करको दायरामा ल्याउनका लागि घर वहाल निर्देशिका तयार गरी लागु गरिने छ ।

264. निजी जग्गा उत्खनन वापतको रोयल्टी उठाउन ठेक्का विधिबाट सङ्कलन गरी राजश्व अभिवृद्धि गरिनेछ ।

265. नगर भित्रका सम्पूर्ण घर (पक्की कच्ची) को अभिलेखीकरण कार्यका लागि शहरी विकास शाखासँग समन्वय गरी भौतिक संरचनाको सम्पतिकर छली हुनबाट रोकिने छ ।

266. सबै प्रकारका करदाताको विवरण डिजिटल प्रणालीमा आवद्ध हुने गरी प्रत्येक करदाताको SMART TAX PAYER CARD को प्रयोग गर्ने प्रणालीको विकास गरिने छ ।

**योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन**

267. पूर्वाधार निर्माण तर्फका साना आयोजनाहरुलाई निरुत्साहित गरिनेछ ।

268. नगरपालिकाको वडास्तरीय योजना कार्यान्वयनका लागि वडा तहमा प्रदान गर्दैं आएको वडास्तरीय बजेटको व्यवस्था तथा जनसंख्या, भूगोल तथा राजश्व परिचालनको क्षमताको आधारमा उपलब्ध गराइने सूत्रमा आधारित बजेटलाई निरन्तरता दिइनेछ ।

269. नगर कार्यपालिकाका सदस्यहरुको नागरिकसँगको सम्बन्ध स्थापित गर्न प्रत्येक सदस्यहरुको सिफारिशमा पूर्वाधारसँग सम्बन्धित एक/एक योजना सञ्चालनको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

270. नगरपालिकाको विकास र सम्वृद्धिको लागि योजना तर्जुमाको क्रममा स्थानीय आवश्यकताको पहिचान गरी सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रियाबाट प्राप्त राय सुझावका आधारमा योजना तर्जुमा गरिनेछ ।

271. नगरस्तरीय तथा वडा स्तरीय योजना/आयोजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्याङ्कनको लागि वडा तथा टोलस्तर सम्म समन्वय गरिनेछ ।

272. दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गर्नको लागि नगरपालिकाको योजना, बजेट तथा कार्यक्रममा समावेश गरी स्रोतको व्यवस्थापन र कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ ।

273. नेपालको संविधान, संघ तथा प्रदेशबाट जारी विद्यमान नीति तथा कानूनी व्यवस्था, विगतमा भएका योजनाहरूको कार्यान्वयनको समीक्षा, बदलिँदो विश्व परिवेशमा आधारित भई योजना तर्जुमा गरिनेछ।

274. दिगो विकास, आयोजनाहरुको प्राथमिकीकरण र प्रभावकारी कार्यान्यवनका लागि विकास योजना/आयोजनाहरुलाई आवधिक योजना, मध्यमकालिन खर्च संरचना तथा आयोजना बैंक निर्माण गरी कार्यान्वयन गरिनेछ ।

275. नगरपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको विभिन्न चरणमा अनुगमन तथा सुपरिवेक्षण गरी अनुगमन तथा सुपरिवेक्षणबाट प्राप्त भएको नतिजा, सुझाव तथा सल्लाहको आधारमा सुधार गरिनेछ ।

276. स्थानीय स्तरमा गठन हुने उपभोक्ता समिति तथा टोल विकास संस्थालाई योजना सञ्चालन प्रणाली प्रचलित ऐन कानूनको पालना र योजना फरफारक सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**न्यायिक समिति**

277. न्यायिक समितिलाई क्षमता विकास तथा स्रोत साधन सम्पन्न बनाइ प्रभावकारी रुपमा न्याय सम्पादन हुने गरी आवश्यक बन्दोबस्त गरिनेछ।

278. न्यायिक समितिको कार्यमा सघाउने सामुदायिक मेलमिलापकर्ताहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरीनेछ।

279. स्थानीय शासनको प्रवर्द्धन गर्न स्थानीय सरकारको क्षेत्राधिकारभित्रका सबै विषय क्षेत्रका कानूनहरुको तर्जुमालाई निरन्तरता दिइने छ।साथै विद्यमान कानूनहरुलाई अभ्यास र अनुभव समेतको आधारमा समसामयिक परिमार्जन गरी समृद्ध बनाइनेछ।

280. न्यायिक समितिका कार्यलाई व्यवस्थित बनाउन न्यायिक समितिको छुट्टै भवन निर्माणका लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

**आर्थिक प्रशासन खर्च प्रणाली तथा वित्तीय अनुशासन**

281. सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धा सरल पारदर्शी मितव्ययी र लागत प्रभावी बनाउन विद्युतीय खरिद प्रणालीको अधिकतम प्रयोग गर्ने व्यवस्था मिलाइने छ।

282. आगामी आर्थिक बर्षको बजेट कार्यान्वयन कार्ययोजना मिति २०८२।४।१५ भित्र र आवश्यक कार्यविधि मापदण्ड निर्देशिका भाद्र १५ भित्र पारित गरी लागू गरिनेछ ।

283. कार्यक्रम एवम् बजेट खर्च गर्ने प्रवृति आर्थिक वर्षको अन्तिम समयमा बढ्दै गएको भार न्यून गर्दै मासिक रुपमा वित्तीय प्रगति हासिल गर्न खर्च प्रणालीमा सुधार गरिनेछ ।

284. खर्च प्रणालीमा मितव्ययिता पारदर्शिता दक्षता र प्रभावकारिता हासिलका लागि विद्युतीय माध्यमबाट प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी बेरुजु न्यूनीकरण गरिनेछ ।

285. गत विगतको बेरुजु फछ्र्यौटका लागि परामर्श तथा करार सेवाका माध्यमबाट अनुभवी थप जनशक्तिको व्यवस्थापन गरिनेछ।

286. ऋणको भार न्यूनीकरणको लागी साँवा र व्याजको नियमित भुक्तानीको पहल गरिनेछ।

287. चालू तथा साधारण खर्च तर्फ अनिवार्य दायित्वको भार न्यून गर्दै पूँजिगत तथा विकास खर्च बढोत्तरी गरिनेछ ।

288. चालू खर्चलाई विनियोजित सीमाभित्र कायम राख्न कार्यालयको प्रकृति र जनशक्तिको आधारमा कार्यक्रम तथा सञ्चालन खर्च घर भाडा खानेपानी तथा विद्युत महसुल इन्धन ममर्त संभार सूचना तथा सञ्चार खर्चमा मितव्ययिता कायम गरिनेछ।

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध

289. सदस्यता प्राप्त गरेका अन्तर्राष्ट्रिय सघ संगठनहरुमार्फत् नगरपालिकाको बहुक्षेत्रीय विकासका लागि सहयोग तथा साझेदारीको प्रवर्द्धन, अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यासहरुको आदान प्रदान गर्न तथा कर्मचारीहरु र जनप्रतिनिधिहरुको क्षमता विकासका लागि अधिकतम प्रयत्न गरिनेछ ।

290. शहरी विकास तथा सडकको स्तरीय व्यवस्थापन सम्वन्धी कार्य गर्ने अन्तर्राष्ट्रिय संस्था IRF(International Road Federation) सँग र अन्तर्राष्ट्रिय स्तरमा भइरहेका विकासका गतिविधिको प्रत्यक्ष अध्ययन, अवलोकन र अनुकरण गर्न प्रभावकारी माध्यमको रुपमा रहेको अन्तर्राष्ट्रिय संस्था ICLEI(Local Government for Sustainability) को सदस्यता प्राप्त गर्ने तर्फ पहल गरिनेछ ।

291. स्थानीय सरकार सञ्चालनका अभ्यास र अनुभवलाई आदान प्रदान गरी नगरको शासन प्रणालीलाई मजबुत बनाउन फरक पहिचान भएका देश तथा विदेशका स्थानीय तहहरुसँग मित्रवत सम्वन्ध स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेटको बाँडफाँट र स्रोत व्यवस्थापनको अनुमान यस सभा समक्ष पेश गर्ने अनुमति चाहन्छुः

292. आगामी वर्षको क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सामाजिक सुरक्षा भत्ता सहित १ अर्व १८ करोड ४८ लाख ५० हजार विनियोजन गरेकोछु। कुल विनियोजन मध्ये चालू खर्च तर्फ ८० करोड ०४ लाख ११ हजार अर्थात् ६७.५५ प्रतिशत, पूँजिगत खर्च तर्फ ३६ करोड ८६ लाख ६९हजार अर्थात् ३१.१२ प्रतिशत र वित्तीय व्यवस्था तर्फ १करोड ५७ लाख ७० हजार १.३३ प्रतिशत रहेको छ।

293. आगामी आर्थिक बर्षका लागि स्थानीय संचितकोष बाट व्ययभार हुने अनुमान गरिएका खर्च बेहोर्ने स्रोत मध्ये आन्तरिक राजश्व रु बाट १३ करोड २३ लाख ५० हजार अर्थात् ११.१७ प्रतिशत, बैंक मौज्दातबाट रु ९ करोड ३२ लाख २

हजार ७.८६ प्रतिशत राजश्व बाँडफाँटबाट २३ करोड ४७ लाख २४ हजार अर्थात् १९.८१ प्रतिशत, संघ सरकार अन्तरसरकारी हस्तान्तरणबाट ४७ करोड २२ लाख अर्थात् ३९.८५ प्रतिशत, प्रदेश सरकार अन्तरसरकारी हस्तान्तरणबाट ४ करोड ७१ लाख ७८ हजार अर्थात् ३.९९ प्रतिशत, अन्य कार्यक्रम तथा परियोजनाबाट १९ करोड ५१ लाख ९६ हजार अर्थात् १६.४८ प्रतिशत र जनसहभागिताबाट १ करोड अर्थात् ०.८४ प्रतिशत प्राप्त हुने अनुमान छ।

सभाध्यक्ष महोदय,

294. गत आर्थिक बर्ष २०८०/०८१ मा सामाजिक सुरक्षा समेत आय अनुमान तर्फ १ अर्ब १५ करोड १५ लाख मध्ये ८९ करोड ७४ हजार निकासा भइ, चालू खर्च ६२ करोड ४९लाख ७६ हजार ४४६ रुपैयाँ, पूँजिगत खर्च २१ करोड ११ लाख ९५ हजार ७०२ रुपैयाँ गरी जम्मा ८३ करोड ६१ लाख ७१ हजार रुपैयाँ खर्च अर्थात् ७२.६१ प्रतिशत यथार्थ वित्तीय प्रगति भएको छ।

295. चालू आर्थिक वर्ष ०८१/०८२ मा सामाजिक सुरक्षा समेत कुल १ अर्ब ५ करोड ९५ लाख २५ हजार अनुमान भएकोमा २०८२ जेष्ठ मसान्तसम्म ८९ करोड १६ लाख ०३ हजार खुद आम्दानी भएकोमा सोही अवधिमा खर्च ६५ करोड ९९ लाख ३५ हजार खर्च भइ वित्तीय प्रगति ६२.२८ प्रतिशत भएको छ। क्षेत्रगत प्रगतितर्फ आर्थिक विकास तर्फ ११.६३%, सामाजिक विकास तर्फ ७१.८१%, पुर्वाधार विकास तर्फ ३९.४७%, सुशासन तथा संस्थागत क्षमता विकास तर्फ ३५.७१% र कार्यालय संचालन तथा प्रशासनिक तर्फ ७३.९५ % वित्तीय प्रगति सभा समक्ष जाकारी गराउँदछु ।

**माननीय सदस्य ज्यूहरु तथा अतिथिज्यूहरु**

296. योजनाको तर्जुमा जस्तै यसको कार्यान्वयन पनि महत्वपूर्ण पक्ष हो । हामीले तर्जुमा गरेका कतिपय नीति तथा कार्यक्रहरु सम्पादन गर्न हाम्रो सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा धुलिखेलनगरपालिकाको विकासमा प्रभावकारी भूमिका खेल्न सरकारी निकायहरु, निजी क्षेत्र, दातृ निकाय लगायत, अन्तर्राष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ

संस्थाहरु, टोल विकास संस्थाहरु तथा अन्य सम्पूर्ण सरोकारवालाहरुलाई यसै मञ्चबाट हार्दिक अनुरोध गर्न चाहन्छु ।

297. आज प्रस्तुत बजेट नीति तथा कार्यक्रम नगर सभाले स्वीकृत गर्नासाथ अविलम्ब यस धुलिखेल नगरपालिकाको वेव पेजमा अपलोड गरिने व्यहोरा निवेदन गर्दै बजेट तथा कार्यक्रमको पूर्ण विवरण, नगर विकास योजना तर्जुमाका प्रस्तुत आधार तथा लिइएको नीतिहरुको विस्तारित खाका समेटिएको बार्षिक नगर विकास योजना पुस्तक यथाशीघ्र यहाँहरु समक्ष उपलब्ध गराउने बाचा समेत गर्दछु । योजना तर्जूमा आफैमा महत्त्पूर्ण त हो नै तर यसको कार्यान्वयन हुन सकेन भने वाञ्छित प्रभाव छाड्न सक्दैन । अतः प्रस्तुत बजेट कार्यान्वयनमा सबै क्षेत्र र तहको पूर्ण सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

298. अन्तमा, आजको यस विशिष्ट अवसरमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका अतिथिज्यूहरु तथा नगरसभाका सदस्यज्यूहरु सञ्चारकर्मी साथीहरु, विषयगत कार्यालय तथा नगरपालिकाका कर्मचारी प्रति हार्दिक धन्यवाद् व्यक्त गर्न चाहन्छु । प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने नगरकार्यपालिकाका सदस्यज्यूहरु, विषय क्षेत्रगत समितिका पदाधिकारीहरु, बजेट तर्जुमा समितिका संयोजक एवम् नगर उपप्रमुखज्यू, विषयगत कार्यालयका प्रतिनिधिहरु, कर्मचारी साथीहरु एवं सम्पूर्ण नगरवासी दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद छ ।

**अशोक कुमार व्याञ्जु श्रेष्ठ**
नगर प्रमुख
धुलिखेल नगरपालिका, धुलिखेल काभ्रेपलाञ्चोक
मिति २०८२ असार ५ गते बिहिवार